आज मिति २०७७।०७।२३ गते आइतबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | (हस्ताक्षर) |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | (हस्ताक्षर) |
| ६ | श्री कुमार चौलागाई | सदस्य | (हस्ताक्षर) |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | (हस्ताक्षर) |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | (हस्ताक्षर) |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | (हस्ताक्षर) |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | (हस्ताक्षर) |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | (हस्ताक्षर) |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | (हस्ताक्षर) |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | (हस्ताक्षर) |
| १७ | श्री कृष्णा कुमारी गौली | प्रमुख प्रशासकीय अधिकृत | (हस्ताक्षर) |

**निर्णय नं. (१)**

वाग्मती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. १२ ०७७/०७८ च.नं. १२८३ पत्रबाट शशर्त अनुदानको योजनामा समावेश भएका तपशिलका योजनाहरु निम्न बमोजिमको प्रक्रिया बाट गरेको कार्यान्वयन गराउने निर्णय गरियो।

(हस्ताक्षर)

तपसिल

१) सल्ले लाटे खा.पा. वडा नं. २ भएकोमा, सल्ले लाटे-खा.पा. वडा नं. ५ संशोधन गरि पठाइदिन, आर्थिक मामीला तथा योजना मन्त्रालय, हेटौडा, मकवानपुरमा अनुरोध गरि पठाउने।
२) संसोधन पश्चात, सल्ले लाटे खा०पा० को -
३) खारखोला ढुंगुमी खा०पा० बैतेश्वर - १
४) वालचोटे मिलनगाउँ खा०पा० बैतेश्वर - ८
५) खरिखोला खा.पा.यो. बैतेश्वर - ४
६) गोपी सिम्ले, दमिवोटे सडक स्तर उन्नतिका कार्यक्रम ठेक्का प्रक्रया द्वारा निर्माण कार्य गराउने।

निर्णय नं. (२) आ.व. २०७७/२०७८ को स्वीकृत वार्षिक कार्यक्रम स्थानिय पाठ्यक्रम निर्माणको लागी विनियोजन भएको बजेट बाट, शिक्षा मन्त्रालय, शिक्षा विभाग, स्थानिय आवश्यकता बमोजिम, स्थानिय पाठ्यक्रम निर्माण गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (३) यस गाउँ पालिका स्थित संचालन हुने, गाउँ सभा गाउँ कार्यपालिका बैठक, शिक्षा, समिति, राजश्व-परामर्श समिति, न्यायिक समिति, बजेट तर्जुमा तथा स्रोत अनुमान समिति, विपत व्यवस्थापन समितिका बैठकहरुमा सहभागी भएका सहभागी हरुलाई खाना वा खाजा बापत प्रति सहभागी खाना/खाजा १ एकको रु ३००।तिन सयका दरले नबढ्ने गरी कायम गर्ने, यस अघिका बैठकहरुमा, सहभागीता आधारमा उपलब्ध गराएका खाजा/खानाको दर सोही बमोजिम कायम गरी भुक्तानी दिन अख्तियार प्राप्त अधिकारीलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. (४) यस गाउँपालिका अन्तरगतका ८ वटा वडा कार्यालयहरुलाई प्रशासनिक खर्च बापत रु १५०००।पन्ध्र हजार, वडा कार्यालय, सञ्चालन तथा मसलन्द र विविध खर्चमा उपयोग गर्न एवं यस अघि भएका खर्चहरु समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं. (५) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र संख्या १ (यो) ०७६/०७८ च. नं. २०६ मिति २०७७/६/१८ को प्राप्त पन्ध्र १५ सैयाको अस्पताल निर्माण सम्बन्धमा आजको बैठकमा छलफल हुँदा, अस्पताल भवन निर्माणको लागी अर्थ मन्त्रालयबाट रु १ एक करोड निकासा पठाएको उल्लेख भएकोले यस गाउँपालिकाद्वारा संचालित, वैतेश्वर अस्पतालको निम्न अनुसारको कार्य गराउन निर्णय गरियो।

तपसिल

१) भवन निर्माणको लागी परामर्श सेवा (सेवा प्रदायक संस्था) रु २० बीस लाख नबढ्ने गरि खरिद गर्ने।

२) सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम भौतिक व्यवस्थापन तथा पूर्वाधार निर्माणको कार्य गराउन स्वास्थ्य शाखा तथा प्राविधिक शाखालाई निर्देशन दिने।

निर्णय नं. (६) COVID-19 को संक्रमणको लक्षण देखीएका व्यक्ति र COVID-19 पोजेटिभका बिरामीको सम्पर्कमा आएका व्यक्तिहरुको नमूना संकलन गरि परिक्षणको लागी पठाउन तयारी गर्ने स्वास्थ्य कर्मी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा कोरोना कोष बाट निम्न अनुसार भुक्तानी दिने निर्णय गरियो।

तपसिल

१. अधिकृत स्तर - प्रति दिन रु १२००/- एकहजार दुइसय
२. सहायक स्तर - प्रति दिन रु ११००/- एकहजार एकसय
३. सवारीचालक - प्रति ट्रिप रु १०००/- एकहजार।